# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २ गते २०३४ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

टिकापुर विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०३४

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "टिकापुर विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०३४" रहेको छ ।

(२) यो आदेशको दफा ३, २०२८ साल श्रावण ३१ गतेदेखि र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ मा संशोधन : टिकापुर विकास समिति (गठन) आदेश २०२८ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०८

"२. समितिको गठन : (१) टिकापुर विकास समिति नामको एक समितिको गठन गरिएको छ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् ।

(क) श्री खड्गबहादुर सिंह– अध्यक्ष

(ख) श्री ज्ञानराज शाही– उपाध्यक्ष

(ग) सेती अञ्चलाधीश– सदस्य

(घ) बसोवास गर्ने व्यक्तिहरूमध्येबाट अध्यक्षद्वारा मनोनीत दुईजना व्यक्ति– सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय वा निजको प्रतिनिधि– सदस्य

(च) सचिव, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय वा निजको प्रतिनिधि– सदस्य

(छ) सचिव, वन मन्त्रालय वा निजको प्रतिनिधि– सदस्य

(ज) योजनाको प्रशासक– सदस्य-सचिव

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिका सदस्यहरूमध्ये तीनजनासम्म उपस्थित रहेमा समितिको बैठकको निमित्त गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको सभापतित्व उपाध्यक्षले गर्नेछ

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको सभापतित्व गर्नेले निर्णयात्मक मत दिन पाउनेछ ।"

३. मूल आदेशको दफा ३ मा संशोधन : मूल आदेशको दफा ३ को उप-दफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) योजनालाई जम्मा एघार वर्षभित्र पूरा गर्ने"

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।